# ७ सेवक नेतृत्व

***यस अध्यायको मूल पदहरू:*** १ पत्रुस ५:१-१०, प्रेरित ६:१-६, यर्मिया १०:२१, मत्ती २०:२४-२८, हितोपदेश ३:२४ र प्रकाश १२:७-९।

***यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सार पद:*** **"तिमीहरूको सबै चिन्ताफिक्री परमेश्वरलाई सुम्पिदेऊ। उहाँले तिमीहरूको हेरचाह गर्नुहुन्छ" (१ पत्रुस ५:७ रूपान्तरित)।**

**बढिरहेको चर्चहरूको बारेमा सोच्दा असल नेतृत्वले अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेको देखाउँछ।** असल नेतृत्व परमेश्वर र बाइबलमा आधारित हुन्छ। यदि चर्चलाई अगुवाई गर्ने अगुवामा आत्मिक बोझ छ भने उनले चर्चका सदस्यहरूमा भएका अनगिन्ति आत्मिक बरदानहरूलाई प्रयोग गर्न अबसर दिन्छ ताकि सुसमाचारको काम सम्पन्न होस् ।

तर चर्चलाई अगुवाई गर्नु भनेको चुनौतिपूर्ण काम हो। एउटा अत्यन्त जल्दोबल्दो चुनौति चर्चका अगुवाहरूले सामना गर्नु परेकोमा कसैले पनि आँखा चिम्लिन सक्दैनः त्यो हो चर्चहरू प्रायजसो स्वयँसेवकहरूले सञ्चालन गरेको हुन्छ। तर ती स्वयँसेवकहरू धेरै फुर्सद भएर चर्चको उत्थानको निम्ति सहयोग गर्ने होइन तर प्रायजसो तिनीहरू आफ्नो काममा अत्यन्त व्यस्तको बाबजुद पनि चर्चप्रति माया भएकोले सहयोग गर्छन्। अर्को चुनौति पनि चर्चका अगुवाहरूले सामना गर्नुपरिरहेको हुन्छः त्यो हो कतिपय समयमा चर्चका सदस्यहरूले आफ्नो भाऊ खोज्न आफ्ना मानिसहरूलाई पदाधिकारीहरूमा चुन्न चाहन्छन् तर नचुनिन्दा निराश भएर चर्चमै आउन छोडेको हुन्छ। र प्रायजसो पत्रुसको समयमा जस्तो चर्चहरूले सतावटको पनि सामना गरेको हुन्छ। कतिपय समयमा चर्चका अगुवाहरूलाई तिनीहरूप्रति संतुष्ट नहुने इसाई विश्वासीहरूले नै आक्रमण गर्न पुगेका हुन्छन्। त्यो आक्रमण मौखिकमात्र नभएर भौतिक पनि हुन सक्छ। राजनैतिक नेताहरूमा जस्तै चर्चका अगुवाहरूमा सुरक्षा गार्डको प्रबन्ध हुँदैन जसले गर्दा तिनीहरूलाई जहाँ पनि जुनसुकै बेलामा पनि आक्रमणको निम्ति बाटो खुलाराखिएको हुन्छ। त्यस परिवेशमा चर्चमा असल अगुवा भएर परमेश्वरका जनहरूलाई कसरी नेतृत्व दिने त?

स्थानीय चर्चमा हुने इसाई नेतृत्वको बारेमा पत्रुसले १ पत्रुस ५:१-१०मा आफ्नो बिचार प्रस्तुत गर्दछन्। चर्चमा अत्यन्त असल वा उत्कृष्ट अगुवाको खाँचो भएको उनले स्वीकार्दछन्। चर्चका अगुवाहरूमा हुनुपर्ने असल तथा श्रेष्ठ गुणहरू चर्चका सदस्यहरूमा पनि हुनु आवश्यक छ भनेर पत्रुसले जिकिर गर्दछन्। पत्रुसका निर्देशनहरू त्यसबेलाका चर्चहरूको निम्तिमात्र होइन वर्तमान समयका विश्वासीहरूलाई पनि अर्थपूर्ण छ र तिनीहरूको लागु हुन अत्यावश्यक छ।

## १. प्रथम शताव्दीमा स्थापित भएका चर्चका एल्डर अर्थात् अगुवाहरू (प्रेरित ६:१-६)

सुरूका चर्चहरूले समसामयीक चुनौतिहरू सामना गर्नुपरेका थिए। ती चुनौतिपूर्ण परिस्थितिलाई चर्चका अगुवाहरूले कसरी सम्हाले र त्यसबाट हामीले के सिक्नु आवश्यक छ? हेर्नुहोस् देहायका केही पदहरूः प्रेरित ६:१-६, "१ ती दिनमा जब चेलाहरूको संख्या बढ्दैगएको थियो, तब हिब्रूहरूका विरुद्धमा ग्रीक-यहूदीहरूले गनगन गरे, किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिँदो भोजन पाउँदैनथिए। २ तब बाह्रैले चेलाहरूको समूहलाई बोलाएर भने, "परमेश्वरको वचन प्रचार गर्न छोड़ेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन। ३ यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। ४ तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।" ५ यो कुरा समूहका सबैलाई मन पऱ्यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने। ६ तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे।", प्रेरित १४:१९-२२ "१९ तर कुनै-कुनै यहूदीहरू एन्टिओखिया र आइकोनियनबाट त्यहाँ आइपुगे, र भीड़लाई मनाएर पावललाई ढुङ्गा बर्साए, र तिनी मरे होलान् भन्ठानेर सहरदेखि बाहिर घिस्स्याएर लगे। २० तर जब चेलाहरू तिनको वरिपरि उभिए तिनी उठे, अनि सहरभित्र पसे, र भोलिपल्ट बारनाबाससँग निस्केर डर्बीमा गए। २१ तिनीहरूले त्यस सहरमा सुसमाचार प्रचार गरेर धेरै चेलाहरू बनाए, र तिनीहरू लुस्त्रा, आइकोनियन र

एन्टिओखियामा फर्के, २२ चेलाहरूका आत्मालाई सुदृढ़ गराउँदै उनीहरूलाई विश्वासमा रहिरहने अर्ती दिए, र धेरै कष्ट सहेर हामी परमेश्वरको राज्यमा प्रवेश गर्नुपर्छ भनी उनीहरूलाई भने। २३ जब तिनीहरूले उनीहरूको हरेक मण्डलीमा एल्डरहरू नियुक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरू आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरूलाई सुम्पिदिए।", प्रेरित १५:५-११ "५ तब फरिसी दलका कतिपय विश्वास गर्नेहरूले उभिएर भने, "अन्यजातिहरूको खतना हुनु र तिनीहरूलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।" ६ यस विषयमा सोच-विचार गर्नलाई प्रेरितहरू र एल्डरहरू भेला भए। ७ निकै बहस चलेपछि पत्रुसले खड़ा भएर तिनीहरूलाई भने, "भाइ हो, तपाईंहरूलाई थाहै छ, सुरुका दिनहरूमा कसरी परमेश्वरले मेरो मुखबाट अन्यजातिहरूले सुसमाचारको वचन सुनून् र विश्वास गरून् भनी तिमीहरूका बीचबाट मलाई चुन्नुभयो। ८ हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनुभयो। ९ उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो। १० यसकारण चेलाहरूका काँधमा यो जुवा राखिदिएर किन परमेश्वरको परीक्षा गर्नुहुन्छ? यो जुवा न त हाम्रा पिता-पुर्खाले न हामीले बोक्न सक्यौं। ११ तर हामी विश्वास गर्दछौं, कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौं, जसरी तिनीहरूले पनि पाएका छन्।", १ तिमोथी ५:१७-१९ "१७ मण्डलीको असल देखरेख गर्ने एल्डरहरू दोबर आदरका योग्य हुन्छन्, विशेष गरी, जसले वचनको प्रचार र शिक्षामा परिश्रम गर्छन्। १८ किनभने पवित्रशास्त्र भन्छ, "दाइँ गर्ने गोरुको मुखमा मोहोलो नलगाउनू, " र "श्रमिकले आफ्नो कामको ज्याला पाउनुपर्छ।" १९ दुई वा तीन साक्षीको गवाहीबाहेक एल्डरको विरुद्धमा लाएको आरोप कहिल्यै स्वीकार नगर।" र १ पत्रुस ५:२ "१ ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरूमध्येका एल्डरहरूलाई म आग्रह गर्दछु। २ तिमीहरूको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाह गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ।"

सुरू सुरूमा धेरै मानिसहरू येशूलाई विश्वास गरेर चर्चमा सम्मिलित हुन पुगेका थिए। यो परमेश्वरको महान् आशिषको उपज थियो। तर जब चर्चमा धेरै संख्याहरू द्रुतरूपमा बढ्यो तब त्यहाँ अनेकौं समस्याहरू पनि आउन

सक्दोरहेछ भनेर तत्कालिन येशूका चेला तथा अगुवाहरूले अनुभव गरेका थिए।

प्रेरित १-५मा धेरै मानिसहरूलाई येशूतिर तान्न र विश्वासीहरू बनाउन पवित्र आत्माले अगुवाई गरेका थिए भनेर लेखा राखिएको छ। अनि प्रेरित ६:१-६मा विश्वासीहरूको समूह अत्यन्त बिशाल भएर अगुवाहरूले सम्हाल्न नै नसकिने परिस्थितिमा पुगेको थियो भनेर उल्लेख गरिएको छ। यद्यपि, दैनिक कामहरूलाई कसरी सबै जना मिलेर सम्हाल्ने भन्ने विषयमा तत्कालिन चर्चका अगुवाहरूले पुनव्र्यवस्थित गर्नुपरेको थियो।

चर्च संगठन र व्यवस्थित गर्नुपर्दा एउटा विशेष परिस्थितिको सामना ती अगुवाहरूले गर्नुपरेको थियो भनेर स्पष्टरूपमा भनिएको छ। सुरूमा चर्चका विश्वासीहरू यहूदी धर्म वा जातबाट आएका थिए। तर चर्च बढ्दै जाँदा अरू जातिहरू पनि चर्चमा सदस्य हुन पुगेका थिए। ती जातिहरू यहूदी जातभन्दा अन्य जाति र बिदेशीहरू थिए। त्यसबेला ग्रीक तथा युनानी भाषा बोल्ने विश्वासीहरूको एक समूहको बारेमा विषेश परिस्थिति उल्लेख गरिएको छ। जब चर्चले विश्वासीहरूलाई दिनदिनै खान दिन्थ्यो तब विधवीहरूलाई वास्ता गरेन भनेर ती ग्रीक विश्वासीहरूले गनगन गर्न थालेको थियो। त्यस स्थितिलाई सम्हाल्न, चर्चमा भएका स्रोतहरूलाई उचित रूपमा परिचालन गर्न र येशूका सुसमाचार प्रचार गर्ने १२ जना चेलाहरूलाई सघाउन एक समूहलाई खडा गरेका थिए। त्यस समूहलाई सहयोगी अगुवा अर्थात् डिकन भनेर कहलाइएको थियो।

जब चर्चको सुरूवात हुन्छ त्यसमा पवित्र आत्माले विशेषरूपमा अगुवाई गर्नुहुन्छ  भन्ने कुरामा कसैको दुईमत छैन। तर चर्चलाई सम्हाल्न व्यवस्थित हुनु आवश्यक हुन्छ। चर्चलाई आवश्यक भएको एउटा महत्त्वपूर्ण अगुवाहरूको समूह भनेको एल्डरहरू वा नाइकेहरू हुन्। प्रत्येक स्थानीय चर्चले नै आफ्ना एल्डरहरूलाई छान्दछ। त्यसकारण पावल र वर्नावासले चर्चका नयाँ विश्वासीहरूलाई अगुवाई गर्न एल्डरहरू चुनेका थिए। त्यसको अर्थ, येशूको बारेमा नसुनेका ठाउँहरूमा जब  तिनीहरू यात्रा गरे त्यहाँ चर्चलाई स्थापना गरेर एल्डरहरू नियुक्ति गरेका थिए (प्रेरित १४:२३)।

सुरूको चर्चमा एल्डरहरूलाई विभिन्न थरिका जिम्मेवारीहरू सुम्पिएका हुन्छन्। तिनीहरू तिनीहरूका स्थानीय चर्च तथा विश्वासी समाजका अगुवा भएर सेवा गर्दछन्। समय समयमा तिनीहरू चर्च संचालन गर्न निर्देशन पनि

दिन्छन्। तिनीहरूले नयाँ पुराना विश्वासीहरूलाई बाइबलका आत्मज्ञानहरू सिकाउँदछन्। तिनीहरूले प्रचार गर्दछन् र चर्चमा प्रवचन पनि दिन्छन्। अनि चर्चका विश्वासी समूहको हितको निम्ति काम भइरहेको छ वा राम्ररी रेखदेख भइरहेको छ कि छैन भनेर ती एल्डरहरूले व्यक्तिगत चासो देखाएर सेवा गर्दछन् (प्रेरित १५:६, १ तिमोथी ५:१७, १ पत्रुस ५:२)।

**सबै कुरामा तपाईं सहमत नभएतापनि तपाईंको स्थानीय चर्चका पदाधिकारीहरूसँग मिलेर चर्चको उत्थानको निम्ति सहयोग गर्न मिलोमत्तो भएर चल्नु आवश्यक छ। त्यसकारण चर्चका अगुवाहरूसँग मिलेर अझ राम्ररी काम गर्न तपाईंले कस्ता नीतिहरू अङ्गाल्न सक्नुहुन्छ?**

## २. चर्चका अगुवा तथा एल्डरहरू (१ पत्रुस ५:१-४)

**चर्चको परिवेशमा अगुवा हुनु भनेको सांसारिक अगुवा हुनुभन्दा फरक हुन्छ। चर्चलाई अगुवाई गर्न जिम्मेवार लिँदा तिनीहरूको काम र भावना कस्तो हुनुपर्छ भनेर पत्रुसले सिकाउँदछन्। १ पत्रुस ५:१-४ हेर्नुहोस्। चर्चको उत्थानको निम्ति काम गर्दा चर्चका अगुवाहरू अझ असल सेवक हुन कस्तो मनस्थिति हुनुपर्छ भनेर पत्रुसले यसरी भन्दछन्: "१ ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरूमध्येका एल्डरहरूलाई म आग्रह गर्दछु। २ तिमीहरूको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाह गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, ३ तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर। ४ र जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ।"**

एल्डर तथा चर्चका अगुवाहरूलाई १ पत्रुस ५:१-४मा दिएको निर्देशन अत्यन्त उपयोगी छ। आफू पनि एल्डर हुँ भनेर आफ्नो भनाईलाई अघि बढाउँछन्। आफ्नो बारेमा उनले दुई कुराहरू भन्छन्। (१) उनी येशूको कष्टको साक्षी हुन्। र (२) येशू ख्रीष्टको आगमनमा हुने महिमामा आफू पनि सहभागी हुन उनी अपेक्षा गर्दछन्। ती वचनहरू भनेर एल्डरमा हुनुपर्ने प्रथम गुणलाई पत्रुसले औंल्याउँछन्। त्यो हो, हाम्रो निम्ति येशू ख्रीष्टले पाउनुभएको महाकष्ट र उहाँले हामीलाई उपलब्ध गर्नुभएको महान् आशा।

एल्डरको काम गोठालाको जस्तै हो भनेर भनेर पनि पत्रुसले भन्दछन्। गोठालाले भेँडाको बगाललाई हेरचाहा गर्छ। त्यसरी नै एल्डरले परमेश्वरको

बगाललाई हेरचाह गर्नुपर्छ। जब पत्रुसले चर्चका सदस्यहरूलाई बगालसँग तुलना गर्छन् तब चर्चका सदस्यहरू पनि भेँडा जस्तै कहिलेकाहीँ बरालिन सक्छन् भनेर उनले भन्न चाहेको थियो। त्यसकारण जसरी भेँडालाई बगालमा ल्याउन गोठालोको आवश्यकता हुन्छ त्यसरी नै चर्चका सदस्यहरूलाई चर्चमा फर्काउन एल्डर वा अगुवाको खाँचो हुन्छ। जसरी गोठालाले भेँडाहरूलाई एकत्रित राख्न खोज्दछ त्यसरी नै अगुवा वा एल्डरहरूले चर्चका सदस्यहरूलाई एकत्रित राख्न प्रयास गर्छन्। अगुवा वा एल्डर घमण्डी वा आफू ठूलो हुँ भनेर फुल्नु हुँदैन न त आफ्नो भाऊ खोज्न तँछाडमछाड गर्नुहुन्छ। येशूको परमभक्त कसरी हुनुपर्छ भनेर सबैको सामु उनी नम्र उदाहरण भनेर देखाउनुपर्छ।

**परमेश्वरका गोठाला अर्थात् अगुवाहरूलाई कस्तो चेतावनी दिएको छ भनेर देहायका पदहरू हेर्नुहोस्: यर्मिया १०:२१ "गोठालाहरू निर्बुद्धि छन्, र परमप्रभुलाई सोधपूछ गर्दैनन्। यसैकारण तिनीहरू सफल हुँदैनन्, र तिनीहरूका सबै बगाल तितरबितर भएका छन्।", इजकिएल ३४:१-१० "१ परमप्रभुको यो वचन मकहाँ आयो: २ "हे मानिसको छोरो, इस्राएलका गोठालाहरूका विरुद्धमा यो अगमवाणी तिनीहरूलाई कहेर भन्: परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "धिक्कार, इस्राएलका गोठालाहरूलाई, जसले आफ्नै मात्र वास्ता गर्दछन्! के गोठालाले भेड़ाहरूको वास्ता गर्नुपर्ने होइन र? ३ तिमीहरू दही खान्छौ, ऊनको वस्त्र लगाउँछौ, मोटा-मोटा पशुहरू मार्छौ, तर बगाललाई चाहिँ तिमीहरू वास्तै गर्दैनौ। ४ तिमीहरूले दुर्बललाई बलिया पारेका छैनौ, बिरामीलाई निको पारेका छैनौ, घाइतेलाई मलहमपट्टी लगाइदिएका छैनौ। तिमीहरू बाटो बिराएकालाई बाटोमा ल्याएका छैनौ, हराएकालाई खोजेका छैनौ। तिमीहरूले तिनीहरूलाई निर्दयता र कठोरतासाथ शासन गरेका छौ। ५ यसैले तिनीहरू छरपष्ट भए, किनकि तिनीहरूको गोठालो नै थिएन। जब तिनीहरू छरपष्ट भए, तब तिनीहरू जङ्गली जनावरका शिकार भए। ६ मेरा भेड़ाहरू बाटो बिराएर पहाड़हरू र हरेक अल्गो डाँड़ामा गए। तिनीहरू सारा पृथ्वीभरि नै छरपष्ट भए, र कसैले तिनीहरूको खोजी अथवा सोधपूछ गरेन। ७ यसकारण हे गोठालाहरू हो, परमप्रभुको वचन सुनः ८ परमप्रभु परमेश्वर भन्नुहुन्छ, जस्तो म जीवित छु, गोठाला नभएका कारण मेरो बगाल लुटिएर जङ्गली जनावरहरूको आहारा भएको छ। किनभने मेरा गोठालाहरूले मेरा बगालको खोजी गरेनन्, र भेड़ाहरूको त होइन, तर आफ्नै मात्र वास्ता गरे। ९ यसैकारण हे गोठालाहरू हो, परमप्रभुको**

**वचन सुनः १० परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः म गोठालाहरूका विरुद्धमा छु, र तिनीहरूले मेरो बगालको लेखा दिनुपर्नेछ। म ती गोठालाहरूलाई बगालको हेरचाह गर्नदेखि हटाइदिनेछु, ताकि गोठालाहरूले अब आफैलाई पोस्याउन नपाऊन्। म तिमीहरूका मुखबाट मेरा बगाललाई बचाउनेछु, र मेरा भेड़ाहरू तिनीहरूका निम्ति भोजन हुनेछैनन्।" र जकरिया ११:१७ "बगाल छोड़ेर जाने बेकामको गोठालालाई धिक्कार! त्यसको पाखुरा र दाहिने आँखालाई तरवारले हानोस्। त्यसको पाखुरा जम्मै सुकेर जाओस् र त्यसको दाहिने आँखा पूरा अन्धो होस्।"**

जब चर्चभित्र रहेर चर्चका विश्वासीहरूसँग काम गर्छन् तब इसाई अगुवाहरूले ठूलो धैर्यता अपनाउनुपर्छ। जसरी गोठालाहरू भेंडाहरूसँग धिरज हुन्छ त्यस्तै इसाई अगुवाहरू पनि आफ्ना विश्वासी भाईबहिनीहरूसँग धिरज हुनुपर्छ। यो काम अत्यन्त महत्त्वपूर्ण छ। मानिसहरूलाई बढो नम्रतासाथ आराधनाको निम्ति एल्डरहरूले चर्चमा वा झुण्डमा ल्याउनुपर्छ। येशूको सन्देश र उहाँमा पाइने मुक्तिको बारेमा अरूलाई सुनाउन  एल्डरहरूले तिनीहरूलाई भद्रतासाथ मनाउनुपर्छ।

फेरि पत्रुसले एक विशेष कुरा उल्लेख गर्दछन्। एल्डरहरूले करले होइन तर स्वेच्छाले काम गर्नुपर्छ। स्वयँसेवक भएर चर्चलाई अगुवाई गर्ने मानिस पाउन त्यस्तो सजिलो त छैन। तर सफल चर्च हुन चर्चमा विभिन्न नेतृत्ववर्गको आवश्यकता हुन्छ। धेरै मानिसहरू चर्चलाई अगुवाई गर्न हिचकिचाउने कारणहरू नभएको होइन। कतिपय समयमा चर्चलाई सघाउन धेरै समय दिनुपर्ने हुन्छ। ती मानिसहरूले आफ्नो परिवार धान्न अरू काम गर्नुपर्ने हुन्छ। कतिले त आफू येशूभक्त भएको धेरै वर्ष भएतापनि चर्चलाई सघाउन तयार नभएको भनेर हात बाँधेर बस्छन्। तर यदि चर्चलाई सघाउन नेतृत्वको आवश्यक छ भनेर हामीसँग सहयोग माग्यो भने सकेसम्म चर्चलाई अघि बढाउने अभिभारा हामीले लिनुपर्छ भनेर पत्रुसले आग्रह गर्दछन्।

## ३. सेवक अगुवा (१ पत्रुस ५:३)

**येशूका विश्वासीहरूलाई अगुवाई गर्न सितिमिति कसैले गर्न सक्दैनन् केवल ती व्यक्तिहरूले मात्र जो इसाई नेतृत्वमा हुनुपर्ने देहायका महत्त्वपूर्ण मौलिक तथा आदर्श गुणहरूले सजिएका हुन्छन्। ती के हुन् त? हेर्नुहोस्ः १ पत्रुस ५:३ "तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर**

बगालको निम्ति उदाहरण भएर।" र मत्ती २०:२०-२८ "२० तब जब्दियाका छोराहरूकी आमाले आफ्ना छोराहरूलाई साथमा लिई उहाँको सामुन्ने घुँड़ा टेकी उहाँसँग बिन्ती गरिन्। २१ उहाँले तिनलाई सोध्नुभयो, "तिमी के चाहन्छ्यौ? " तिनले उहाँलाई भनिन्, "आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा, मेरा यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिने हातपट्टि, र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन्।" २२ तर येशूले जवाफ दिनुभयो, "तिमीहरू के मागिरहेछौ सो जान्दैनौ। जुन कचौरा मैले पिउन लागेको छु, के त्यो तिमीहरू पिउन सक्छौ? तिनीहरूले भने, "सक्छौं।" २३ उहाँले भन्नुभयो, "मेरो कचौरा तिमीहरू पिउनेछौ, तर मेरो दाहिने र देब्रेपट्टि बस्न दिने कुरो मेरो हातमा छैन। यी स्थान तिनीहरूका हुन्, जसका निम्ति मेरा पिताले तयार गरिसक्नुभएको छ।" २४ यो सुनेर दशै जना ती दुई भाइसँग रुष्ट भए। २५ तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका (अर्थात् येशूलाई विश्‍वास नगर्ने सांसरिक) शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। २६ तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। २७ जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, २८ जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।"

१ पत्रुस ५:३मा अत्यन्त उल्लेखनीय तथा समसामयिक शब्द पत्रुसले कोरेका छन्। त्यो हो "शासक।" ग्रीक भाषामा त्यस शब्दलाई *काटाकुरियुन्टस* (*Katakurieuontes)* भनिन्छ। त्यही शब्द येशूले मत्ती २०:२५मा प्रयोग गर्नुभएको छ। त्यसको अर्थ कसैमाथि प्रभुत्व जमाउनु, शासन गर्नु, आफ्नो भाऊ खोज्ने भएर अहँता अपनाएर अरूमाथि रजाइँ गर्नु हो। १ पत्रुस ५:३मा पत्रुसले दिएको निर्देशनलाई यसरी परिमाजित गरि अनुवाद गर्न सकिन्छ, “तिमीहरूको हेरचाहामा छोडिएका व्यक्तिहरूमाथि तिमीहरू शासक वा स्वामी जस्तो बनेर व्यवहार नगर।" उनका शब्दहरूले मत्ती २०:३५लाई हृदयदेखि सहमत भएको देखाउँछ।

येशूले मत्ती २०:२४-२८मा आफ्ना चेलाहरूलाई दिनुभएको निर्देशनको पृष्ठभूमि मत्ती २०:२०-२३ले बुझाउन सहायता गर्छ। अत्यन्त कोमल भएर यूहन्ना र याकूबकी आमा येशूकहाँ घुँडा टेकेर एउटा कुरा बिन्ति गर्न आउँछिन्। जब येशू उहाँको राज्यमा आउनुहुन्छ तब आफ्ना छोराहरूलाई

अरूभन्दा उच्च पद र सम्मान दिन आमाले अनुरोध गर्छिन्। एक जना छोरो उहाँको दाहिने हातमा र अर्को छोरो उहाँको बायाँ हातमा बस्न दिन येशूसँग बिनम्र अनुरोध गर्छिन्।

"याकूब र यूहन्नासँग येशू अत्यन्त प्रेमिलो र कोमल हुनुहुन्थ्यो। तिनीहरूको स्वार्थी भावनालाई येशूले गालिगर्नुहुन्न। उहाँसँग उच्च स्थानमा बस्ने चाहना व्यक्त गर्दा उहाँले तिनीहरूसँग दोष भेट्टाउनुहुन्न। उहाँले तिनीहरूको हृदयलाई पढ्नुहुन्छ। उहाँलाई थाहा छ कि तिनीहरूले उहाँलाई असाध्ये गहिरो माया गर्नुहुन्छ। उहाँमाथि तिनीहरूको प्रेम मानव प्रेमभन्दा उच्च थियो। हो, उहाँमाथि तिनीहरूको प्रेम सिद्ध वा दोषरहित थिएन। तिनीहरू पापी र पतित मानिसहरू भएकोले येशूप्रति तिनीहरूको मायामा खोट थियो। तर तिनीहरूमा भएको माया येशूको मुक्ति दिने मायाको झरनाबाट नै बगेको थियो। त्यसकारण उहाँले तिनीहरूलाई हप्काउनुहुन्न। बरू उहाँमाथि तिनीहरूको प्रेमलाई अझ गहिरो पार्नुहुन्छ र शुद्ध पार्नुहुन्छ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ५४८बाट रूपान्तरित।

येशूको दायाँ र बायाँ बस्ने सम्माननीय स्थान उहाँको हातमा छैन भनेर येशूले व्याख्या गर्नुहुन्छ। त्यस मामिलामा परमेश्वर पितासँगमात्र अधिकार छ भनेर येशूले भन्नुहुन्छ। अनि उहाँको राज्य र संसारको राज्यको बीचमा अत्यन्त महत्त्वपूर्ण भिन्नतालाई उहाँले औँल्याउनुहुन्छ। जो मानिसहरू येशूको राज्यमा नेतृत्वत्व वहन गर्न चाहन्छन् ती मानिसहरू पहिला कोमल भएर सेवा गर्ने भावनाले अभिप्रेरित भएर सेवक हुनुपर्छ। तिनीहरू येशू जस्तै हुनुपर्छ, "येशूजस्तै हुनु। उहाँले आफ्नो भाऊ खोज्दै अरूले उहाँलाई सेवा गरोस् भनेर आउनुभएन। बरू उहाँ अरूलाई सेवा गर्न आउनुभयो। धेरै मानिसहरूलाई बन्धनबाट मुक्त गर्न उहाँले आफ्नो ज्यानको मोल तिर्नुभयो (मत्ती २०:२८)।

चर्चका अगुवाहरूलाई येशू जस्तै हुन पत्रुसले आग्रह गर्छन्। येशूमा समर्पित जीवन र आफ्नो भाऊ तथा स्वार्थलाई त्याग्ने भावना येशूभक्त एल्डरहरूले देखाउनु अति आवश्यक छ।

**पत्रुस र पावल एक आपसको सोचाईमा एकरूपता आएको हामी फिलिप्पी २:४-८ र १ पत्रुस ५:३मा पाउँछौं। यदि हामीहरू येशूलाई विश्वास गर्छौं र उहाँलाई माया गर्छौं भने तिनीहरूको सोचमा हामीहरूको सोच पनि गाभिन किन जरुरी छ? तिनीहरूले हामीहरूलाई के गर्न वा कस्तो मनस्थितिमा**

**रहन आह्वान गरिरहेकाछन्? हेर्नुहोस्, ती दुई अंशहरूः फिलिप्पी २:४-८मा पावलको भनाई, "२ तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर। ३ स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान। ४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। ५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।" र पत्रुस ५:३मा पत्रुसको भनाई, "तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण बन।"**

## ४. कोमल र नम्र आत्माले सजिएर बस्नु (१ पत्रुस ५:५-७)

पत्रुस जन्मेको, हुर्केको पौराणिक विश्वको समाजमा मानिसहरू विभिन्न समूह, वर्ग तथा जातजातिमा विभाजित भएका थिए। शासक वर्गमा अरूमाथि प्रभुत्व जनाउने वा शासन गर्ने प्रसस्त अधिकार थियो। ती मानिसहरूको वरिपरि निम्न वर्ग वा निम्न जातका मानिसहरू थिए। सबभन्दा निम्न वा बिपन्न वर्गमा दासहरू थिए जुन दिनरात मालिकहरूको सेवा गर्न किनिएका थिए। यहूदी तथा इसाई धर्महरूको क्षेत्रभन्दा बाहिरका मानिसहरूको बीचमा नम्र, कोमल अर्थात् अरूको सामु निहुरिनु भन्नुको अरू तल्लो स्तरमा आउनु, तल्लो जातको वा वर्गसँग जोडिएको थियो। ग्रीक भाषमामा नम्र हुनुको अर्थबाट पनि त्यस भनाईलाई पुष्टि गर्छ। त्यसको अर्थ "अहम् अर्थात् घमण्डबाट स्वतन्त्र हुनु,"कोसाथै "महत्वहीन", "कमजोर" र "दरिद्र वा तुच्छ" पनि हुन्छ। समाजमा कुनै अधिकार र प्रतिष्ठा नभएको मानिसहरूको बारेमा बुझाउन ती शब्दहरू प्रयोग गर्छन्। आफूभन्दा ठूलाबडाको सामु नम्र हुनु वा निहुरिनु नै तल्लोस्तर वा निम्नवर्गका मानिसहरूको धर्म वा उचित आचरण हो भनेर त्यस समयका मानिसहरूले ठान्दथे। र कुनै पनि प्रतिष्ठित वर्ग वा स्वतन्त्र मानिसहरू कोमल वा नम्र भएर चल्दा त्यो समाजमा अमान्य हुन्थे। झुकिएर बस्ने उच्च वर्गको कसैले पनि न त प्रशंसा गर्थ्यो न त सम्मान नै।

पत्रुस रहेको पृष्ठभूमि र समयको बारेमा सोच्नुहोस्। त्यसलाई मनमा राखेर १ पत्रुस ५:५-७ पढ्नुहोस्। त्यसमा पत्रुसको अत्यन्त उल्लेखनीय तथा आत्मसात् गर्नुपर्ने वचन के हो? हेर्नुहोस्: **"५ त्यसै गरी जवान हो, बूढ़ापाकाहरूका अधीनमा बस। एक-अर्काको अधीनमा रहेर तिमीहरू सबैले नम्रताको वस्त्र धारण गर। किनभने, "परमेश्‍वरले अहङ्कारीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ। ६ यसकारण परमेश्‍वरको शक्तिशाली बाहुलीमुनि तिमीहरू आफैलाई विनम्र तुल्याओ, र उहाँले उचित समयमा तिमीहरूलाई उच्च पार्नुहुनेछ। ७ तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ।"**

तर बाइबलमा नम्र वा कोमल हुनु भन्ने शब्दलाई अत्यन्त उच्च तथा असल र पुरष्करणीय वा बहुमूल्य गुणको रूपमा लिइन्छ। तर पत्रुसरहेको समाज र संस्कारमा व्याख्या गरिएको नम्रता वा कोमलतालाई बाइबलले अत्यन्त भिन्न तरिकाले हेरेको पाइन्छ। घमण्ड हुने वा आफ्नो भाऊ खोज्ने मानिसहरूलाई परमेश्‍वरले कसरी हेर्नुहुन्छ भनेर देखाउन पत्रुसले हितोपदेश ३:३४लाई उद्धृत गर्दछन्। ऐतिहासिक जगतमा परमेश्‍वरको कामको एक प्रमुख भाग भनेको घमण्ड तथा अहंकारमा फुलेका मानिसहरूलाई तल झार्नु हुनगएको पाइन्छ (यशैया १३:११, यशैया २३:९, अय्यूब ४०:११)।

त्यस परिप्रेक्ष्यमा परमेश्‍वरप्रति हामीहरूको सोच वा भावना कस्तो हुनुपर्छ त? त्यसको जवाफ त यही हो कि परमेश्‍वरको सामु हामी नम्र हुनुपर्छ र उहाँको सामु हामी झुक्नुपर्छ (१ पत्रुस ५:६)। परमेश्‍वरको अनुग्रहले मुक्ति पाएका हुन् भनेर इसाईहरूलाई प्रसस्त जानकारी छ। र सबै जना पापी भएको कारणले सबै जना बराबरी छन्। त्यसकारण क्रुसको सामुन्ने हामी घमण्ड गर्नु वा आफ्नो भाऊ खोज्नु मनासिब देखिँदैन। हो, परमेश्‍वरको सामु नम्र हुनु वा झुक्नु सजिलो छ किनभने उहाँ सारा आकाश वा स्वर्ग अर्थात् नक्षत्रहरूको र पृथ्वीको सृष्टिकर्ता हुनुहुन्छ। साथै हामीभन्दा माथि भएका ठूलाबडाहरू, हामीमाथि शासन गर्नेहरू वा हामी भन्दा प्रतिष्ठित मानिसहरूको सामु नम्र हुनु वा झुक्नु सजिलै हुन्छ। तर हामीभन्दा मुनि वा हामीमाथि प्रभुत्व जमाउन नसक्ने मानिसहरूको अगाडि नम्र हुनसक्नु वा झुक्नु नै हामी कतिको नम्र छौं भन्ने सही परीक्षाले देखाउँछ।

त्यसकारण यदि कोही इसाई हुँ भनेर दावी गर्छन् भने त्यो कतिको नम्र छ भन्ने उसको आचरणले बताउँछ। केवल परमेश्‍वरको अगाडिमात्र होइन

सबै जनासँगको कारोबार र सम्बन्धमा नम्रता देखाउनु जरुरी छ (१ पत्रुस ५:५)। हामीहरूको निम्ति काम गर्ने मानिसहरूसँग, हामीहरूसँग कामगर्नेहरूसँग र हामीलाई हेरचाहा गर्न छोडिएकाहरूलाई हामीहरूले नम्रता देखाउनैपर्छ। त्यही नै पत्रुसले हामीलाई दिएको हामीमा हुनुपर्ने नम्रताको परिभाषा हो।

**क्रुसको बारेमा के छ वा क्रुसको प्रतीक के हो जसले कि हामीलाई सधैं नम्र बनाउन उत्साहित बनाउनुपर्छ?**

## ५. सिहँ जस्तो गर्जन (१ पत्रुस ५:८-१०)

विश्वासीहरूले अत्यन्त सतावट पाइरहेको पृष्ठभूमिमा पत्रुसले आफ्ना पत्रहरू लेखेका थिए भनेर हामीले थाहा पाइसकेका छौं। ख्रीष्ट र शैतानको बीचमा चलिरहेको घनघोर युद्ध केवल पाठकहरूलाई सिकाउने कुनै पाठ वा विषय नभएर तिनीहरूले दैनिक रूपमा अनुभव गरिरहेका थिए। तिनीहरूको त्यो अनुभव हामी धेरै जसोले अनुभव नगरिएको हुनसक्छ। तर कतिपयले गरिरहेका पनि होलान्।

**खराब तत्व कसरी सुरू भयो र यस संसारमा शैतानको विगिविगि कसरी चलिरहेको छ भनेर देहायाका पदहरूले कसरी सिकाउँछन्? हेर्नुहोस्ः १ पत्रुस ५:८-११ "८ सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंह झैं खोजिहिँड्छ। ९ विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाजुभाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ। १० सबै अनुग्रहका परमेश्वरले ख्रीष्टमा आफ्नो अनन्त महिमाको निम्ति तिमीहरूलाई बोलाउनुभएको छ। तिमीहरूले केही बेर कष्ट भोगेपछि उहाँले नै तिमीहरूलाई फेरि नयाँ पार्नुहुनेछ, स्थिर गर्नुहुनेछ र शक्तिशाली पार्नुहुनेछ। ११ उहाँलाई नै पराक्रम र शक्ति सदासर्वदा भइरहोस्। आमेन।" र प्रकाश १२:७-९ "७ अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, ८ तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। ९ त्यो ठूलो अजिङ्गर तल फालियो, त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।१० तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र**

**उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ।"**

असल र खराबको शक्तिहरूको बीचको चर्किरहेको आत्मिक युद्धमा इसाईहरू जल्दोबल्दोरूपमा सहभागी भइरहेका हुन्छन् भनेर प्रकाशको पुस्तकले उघार्दछ। असल शक्तिहरूलाई येशू ख्रीष्टले नेतृत्व गर्नुहुन्छ भनेर प्रकाशको पुस्तकले स्पष्ट पार्दछ। येशू परमेश्वरको वचन हो। उहाँ राजाहरूका राजा र प्रभुहरूका प्रभु हुनुहुन्छ (प्रकाश १९:१३,१६)। दुष्ट तथा खराब तत्वहरूलाई शैतानले नेतृत्व गर्दछ। दियाबलसको अर्थ शैतान हो। उनी विशाल अजिङ्गरको प्रतीकको रूपमा खडा हुन्छ, (जसको काल्पनिक डरलाग्दा अनुहार, आगो निकाल्ने जिब्रो, फलामको जस्तो जिउ र भयभित पार्ने हातखुट्टाहरू हुन्छन्, प्रकाश १२:७-९, प्रकाश २०:७,८)। रेडियो, टेलिभिजन, विभिन्न पत्रपत्रिका वा पुस्तकहरू र साथै कतिपय इसाईहरूले नै शैतानको अस्तित्व काल्पनिक वा मनगढन्ते भनेर प्रचारबाजी गर्छन्। तर शैतान अत्यन्त शक्तिशाली जीव हो भन्ने तथ्यलाई बाइबलले स्पष्ट पार्दछ। तर असल खबर त यही हो कि युगको अन्तमा शैतानलाई नाश पारिनेछ (प्रकाश २०:९,१०)।

शैतानको अस्तित्वलाई मानिसहरूले जतिसुकै अस्वीकार गरेतापनि त्यो कस्तो छ भनेर विभिन्न प्रतीकहरूद्वारा त्यसलाई प्रतिनिधित्व गरेर त्यसको खतरालाई देखाउने प्रभावलाई पत्रुसले आँखा चिम्लेको पाइन्दैन। "शैतान गर्जने सिहँ जस्तो हो" भनेर उनले शैतानको भयाभव चरित्रलाई व्याख्या गर्दछन्। सकेसम्म "कसलाई मारुँ कस्लाई झम्टयुँ" भनेर चहारिने सिहँ हो भनेर पत्रुसले शैतानको असली स्वभावलाई आफ्ना पाठकहरू छेऊ राख्दछन् (१ पत्रुस ५:८)। विश्वासीहरूले चर्कोरूपमा सतावट पाइरहेकोबाट शैतानको शक्तिलाई छर्लङ्ग पार्दछ भनेर पत्रुसले आफ्ना पाठकहरूलाई औंल्याउँछन्। तर तिनीहरूको महाकष्ट येशूको आगमनमा अन्त्य हुन्छ भनेर पनि पत्रुसले विश्वास दिलाउँछन्। त्यसबेला तिनीहरू परमेश्वरको महिमाले सुसज्जित हुनेछन् (१ पत्रुस ५:१० रूपान्तरित)।

**१ पत्रुस ५:१०मा भनेको फेरि सोच्नुहोस्। उपरोक्त पदमा पत्रुसले हामीहरूलाई के बुझाउन प्रयास गरिरहेको पाउँछौं? हेर्नुहोस्: "तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष**

**लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ।"**

पत्रुसका पाठकहरू तत्कालिन कुन महाकष्ट वा प्रीक्षामा गइरहेका थिए भन्ने कुरा हामीलाई थाहा छैन। तर पत्रुसले व्यक्त गरेका वचनमा के आशाको किरण झल्किरहेको हुन्छ सो हामीले देख्न सक्छौं। हो, शैतान वा खराब तत्वको अगुवा शैतान मनगढन्ते नभएर वास्तविक नै हुन्। येशू र शैतानको बीचमा चलिरहेको युद्धमा हामीहरू पनि होमीहरेका छौं भन्ने कुरा पनि वास्तविक नै हुन्। र हामीहरूले पाइरहेका अनेकन् तथा अनाहक दुःखकष्ट कुनै काल्पनिक नभएर वास्तविक पनि हुन्। तर अनुग्रह, दया र क्षमाशीलताको परमेश्वरले शैतानलाई हराइसक्नुभएको छ। हामी, अहिले दुःख त पाऔँला। तर आवश्यक भएमा परमेश्वरमाथिको विश्वास तथा निष्ठतामा मर्नुपरेतापनि हामी अडिग भएर बस्नुपर्दछ (हिब्रू ११:८-१६मा पावलले भन्दछन्: "८ विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्वासैद्वारा उनी एक परदेशी झैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतिक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ। ११ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। १२ यसैकारण मरेतुल्य शरीर भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए। १३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु

शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ।"

**जतिसुकै परीक्षा, दुःखकष्टको सामना हामीले गर्नुपरेतापनि हामी परमेश्वरमाथिको निष्ठामा कसरी अडिग भएर बस्ने? हामीहरूको अगाडि जे अवरोध वा वाधाहरू आएतापनि हामीहरूको जीवनको अन्तसम्म विश्वासमा कसरी बलियो भएर बस्ने?**

## उपसंहारः

**थप जानकारीः** अगुवाभएर अरूको सेवक कसरी बन्ने भन्ने उत्कृष्ट अनुकरणीय उदाहरण प्रभुभोजमा येशूले गर्नुभएको कामबाट छर्लङ्ग पार्दछ। त्यसबेला, आफू परमेश्वरको पुत्र हुँ भन्ने कुरामा येशू पूर्णरूपमा ज्ञान थियो। खाना खाएपछि येशूले आफ्ना चेलाहरूको खुट्टा धुनुहुन्छ (यूहन्ना १३:१४,१५)। प्रत्येक पल्ट जब उहाँका भक्तहरूले एक आपसको खुट्टा धुन्छन् तब तिनीहरूले येशूले गर्नुभएको कामलाई दोहोऱ्याउँछन्। र येशूको राज्यमा कोही अगुवा हुन चाहन्छ भने उसले आफ्नो भाऊ खोज्ने होइन तर एक आपसको सेवा गर्नुपर्छ भनेर उक्त विधिले एक आपसलाई याद गराउँछ। जब चर्चका अगुवाहरूलाई कसैलाई दमन गरेर वा प्रभुत्व जमाएर शासन नगर भनेर पत्रुसले आह्वान गर्छन् तब येशूको त्यो नम्र कामको याद पत्रुसलाई झलझलति आइरहेको हुनुपर्छ (१ पत्रुस ५:५)।

"मानव रूप लिन येशूले मञ्जुर गर्नुभएको थियो। त्यो काम गर्न आफूले सहमति जनाउनुभएको कारणले सारा स्वर्गका जीवहरूले उहाँको नम्रताको भावनालाई देखेर छक्क परेका थिए। मानव अवतार लिनुभन्दा अघि ख्रीष्ट परमेश्वर नै हुनुहुन्थ्यो। त्यसकारण, हामीमध्ये एक हुन उहाँले आफूलाई अत्यन्त तल झर्नु आवश्यक थियो। त्यस तथ्यको अर्थ सत्यरूपमा के हो भनेर बुझ्न हामीहरूको दिमागलाई खुला राख्नु अत्यन्त अनिवार्य छ। आफ्नो शाही पोशाक र राजकीय श्रीपेचलाई येशूले फुकाल्नुभएको थियो भनेर हामीले महसुस गर्नैं पर्छ। शासन गर्ने आफ्नो अधिकारलाई उहाँले त्याग्नुभएको थियो। आफ्नो दिव्य ईश्वरत्वलाई मानव शरीरले बेर्नुभएको थियो। उहाँ मानिस हुनुभयो ताकि मानिस जहाँ छ त्यहीँ उसलाई भेट्न सकुन्। मानव परिवारले पापलाई दवाउन वा पापी स्वभावलाई जित्न ख्रीष्टले शक्ति ल्याउन चाहनुहुन्छ। र हामी

परमेश्वरका छोरा छोरीहरू होउन् भन्ने उहाँको प्रवल चाहना छ।"-एलेन जी ह्वाइट, *सनस् एण्ड डटर्स* अभ गडस, पृ. ८१बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. शैतानसँग निडर भएर सामना गर्दै येशूले यस संसारमा परमेश्वरको निम्ति काम सुरू गर्नुभएको थियो। जब उहाँ चालिस दिनसम्म उपबास बस्नुभएको थियो तब उहाँ भोकले अत्यन्त कमजोर हुनुभएको थियो। तर बाइबललाई नै उद्धृत गरेर उहाँले शैतानको प्रीक्षासँग निडरसाथ मुकाबिला गर्नुभएको थियो (मत्ती ४:१-११, मर्कूस १:१२,१३, लूका ४:१-१३)। येशूको अनुसरण गरेर हामीले पनि शैतानसँग कसरी मुकाबिला गर्ने?

२. नम्र आत्मा, कोमल मन र झुक्न सक्ने खुबी भएको मानिसहरूसँग के तपाईं पर्नुभएको छ? तिनीहरू कस्तो चरित्रका हुन्छन्? तिनीहरूबाट तपाईंले के सिक्न सक्नुहुन्छ?

३. असल वा सक्षम इसाई अगुवा हुनु भनेको के हो? अरूसँग प्रतिस्पर्धा गरेर, अरूलाई दवाएर, अनेकन सापटी आश्वासनले मानिसहरूलाई मख्ख पार्ने राजनैतिक नेताहरू र येशूको नीतिमा हिँड्ने इसाई अगुवाहरूको बीचमा के भिन्नता छ? यदि राजनैतिक नेताहरू पनि असल इसाई पथमा हिँड्न सकेको भए कुनै पनि देश कस्तो हुन्थ्यो होला?

४. कसैले तपाईंसँग तर्क गर्ला रे, शैतान केवल मनगढन्ते हो, त्यसको अस्तित्व छैन। मानिसमा भएको दुष्ट भावनाहरूको केवल शब्द चित्रमात्रै हो रे? त्यसलाई तपाईंले कस्तो जवाफ दिनुहुन्छ?

# परमेश्वर भरपर्दो र विश्वासिलो पति हुनुहुन्छ-भाग २

मैले बप्तिस्मा लिएको चार महिनापछि मेरो श्रीमान बिरामी हुनुभयो। पेट र छाटी दुखेको गुनासो गर्नुभयो। उहाँ अस्पताल जान चाहनुहुन्थ्यो। त्यसकारण उहाँलाई कसैले अस्पतालमा लगिदिन्छ कि भनेर कसैको खोजीमा म बाहिर निस्कें। त्यही समयमा म बाहिर थिएँ उहाँ हामीहरूको दुई ७ र ८ वर्षको छोराहरूको हातमा मर्नुभयो।

जब म घर फर्के मैले मेरो श्रीमान मरेको भेट्टाएँ र मेरा छोराछोरीहरू डाँको छोडेर रुँदै थिए। तिनीहरूलाई के गरौं के गरौं भएर आत्तिएका थिए। परमेश्वरसित म रिसाएँ। "मेरो जीवन तपाईंलाई भर्खर दिएँ। यो कसरी भयो। मेरो श्रीमान किन यसरी चाँडै मर्नुभयो?" त्यसको जवाफको माग मैले गरें। तर कहींबाट जवाफ आएन। मैले पनि मर्न चाहेको थिएँ। मेरो आफन्तहरूले मेरा छोराछोरीहरूलाई हेरचाह गर्न लगे। अनि मेरो श्रीमानलाई गाड्न तरखर गरियो। जसोतसो गरेर मेरो श्रीमानको अन्तिम संस्कार गरियो। अनि फेरि मलाई यो महसुस भयोः ओहो, उहाँत जानुभयो! मेरो कुनै जागिर थिएन। पाँच जना छोराछोरीहरूलाई मैले कसरी पाल्ने? अब हामी कसरी जिउने?

हामी घर भाडामा बस्थ्यौं। तर मेरो श्रीमानलाई चिहानमा दफन गरेर घर फर्किंदा घरपति हामीकहाँ आएर हामीलाई कोठा छोड्न भने। मेरो श्रीमानको सबभन्दा जेठो दाजुले हामीलाई उहाँको घरमा बस्न आउनु भन्नु भयो। तर उहाँको घरमा रहँदा उहाँहरूको सम्बन्धमा केही तनावहरू हुन्थे जसले गर्दा हामीहरूलाई त्यहाँ बस्न गाऱ्हो भएको थियो। मेरो काकाले मेरो र मेरो छोराछोरीहरूको निम्ति कोठा भाडामा लिइदिनुभयो। तर मैले काम गर्नु आवश्यक थियो। मेरी कान्छी बहिनी हामीसँग रहन आइन् र मेरा छोराछोरीहरूलाई स्याहार्न थालिन्। म बजारमा गएर नाफा कमाउन सागसब्जीहरू बेच्न थालें। यो काम धेरै गाऱ्हो थियो। अलिकति तरकारी बेच्न बजारमा धेरै घन्टा कुर्नुपर्थ्यो, र मैले थोरैमात्र नाफा पाउथें। पछि बेलुकीको क्लासहरूमा भर्ना हुन थालें। मेरो परिवारलाई धान्न केही सीप सिक्न सकिन्छ कि भनेर पढ्न गएँ। मेरो दुःखभरि चर्चका दाजुभाइ दिदीबहिनीहरूले मलाई सहायता गरे। जब म काम गर्न जान्थें र क्लासमा जान्थें तब साथीभाइहरूले मेरा छोराछोरीहरूलाई हेर्थे। कतिले त खानेकुरा र पैसा दिएर पनि हामीलाई

सहयोग गरे। परमेश्वरले अरू दयालु साथीहरू पठाउनुभयो जसले हामीलाई सहयोग गरे।

जब म काम गर्थें तब अरूहरूलाई परमेश्वरको प्रेमको बारेमा बाँड्न चाहन्थें। त्यसकारण मैले एडभेन्टिस्ट किताबहरू बेच्न थालें। हरेक दिन हामीलाई चाहेको कुराहरू परमेश्वरले जुटाउनुभयो। त्यसले गर्दा मेरो विश्वास बलियो भयो। एक वर्षपछि मलाई एडभेन्टिस्ट छापाखानामा काम गर्न बोलाइयो।

कठिन समयहरूमा मलाई हेरचाह गर्नुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन चाहन्छु। जब मेरा छोराछोरीहरूले तिनीहरूको बुबा गुमाए तब परमेश्वर तिनीहरूको पिता हुनपुग्नुभयो। उहाँले हामीहरूको आवश्यकतालाई पुऱ्याउनुभयो। परमेश्वरको महिमा गर्न र माया गर्न तालिम दिन उहाँले मलाई सघाउनुभयो। तिनीहरू परमेश्वरमा विश्वासिलो भएर चलेका छन्।